नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ १० गते २०३३ साल [अतिरिक्ताङ्क ३९

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

अधिकारिकता सुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक ऐन. २०३३ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक ऐन, २०३३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "आर्थिक (संशोधन) अध्यादेश, २०३३" रहेको छ ।

(२) यो अध्यादेश तुरून्त प्रारम्भ हुनेछ ।

२. आर्थिक ऐन, २०३३ मा दफा १८ थप: आर्थिक ऐन, २०३३ को दफा १७ पछि देहायको दफा १८ थपिएको छ:–

"१८. आदेश जारी गर्ने अधिकार: यस ऐन अन्तर्गत लगाइएका कर, महसूल, दस्तूर र रायल्टीको दर घटाउन आवश्यक देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी सो दर घटाउन सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परे सरह मानिने छ।"

लालमोहर सदर मिति:– २०३३।१०।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित लागु हुनेछ।